का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ माघ २०७९,
मंगलबार
7 February 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक १३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# विश्वास बढाउँदै देउवा

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएर सत्तारुढबीच अविश्वासको वातावरण बनाउन चाहेको नेपाली कांग्रेसले राष्ट्रियसभा उपाध्यक्षमा पनि उम्मेदवारी दिएन ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २३ माघ ।

नेकपा माओवादी केन्द्रका सांसद उर्मिला अर्याल राष्ट्रियसभा उपाध्यक्षमा निर्विरोध निर्वाचित भएकी छन् । सत्तारुढ दलका तर्फबाट अर्यालले उम्मेद्वारी दिएकी थिइन् । अर्याललाई सत्ता साझेदार दल नेकपा एमाले, माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) को समर्थन थियो ।

तर नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चाले अर्को उम्मेद्वारी दिएन । एक्लो उम्मेद्वारी परेपछि अर्याल सोमबार निर्विरोध निर्वाचित भइन् । राष्ट्रियसभामा एमालेका १६, माओवादी केन्द्रका १५, कांग्रेसका १०, एकीकृत समाजवादीका ८, जसपाका ३, लोसपाका १ र जनमोर्चाका १ सांसद छन् ।

अर्याल निर्विरोध भएपनि प्रतिनिधिसभाको सभामुखमा चाहिँ मतदान नै भएको थियो । सभामुखमा एमाले उम्मेद्वार देवराज घिमिरेविरुद्ध नेपाली कांग्रेसकी ईश्वरी न्यौपानेले उम्मेद्वारी दिएकी थिइन् । मत विभाजन हुँदा १६७ मत पाएर घिमिरे सभामुख निर्वाचित भएका थिए भने न्यौपानेले एक सय मत पाएकी थिइन् । उपसभामुखमा पनि प्रतिस्पर्धा भएको थियो ।

तर सत्तारुढका तर्फबाट उम्मेद्वार रहेकी रास्वपाका इन्दिरा रानामगर निर्वाचित भएकी थिइन् । सभामुख र उपसभामुखमा उम्मेद्वारी दिएपनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्रीमा लगभग सबै दलले विश्वासको मत दिएका थिए । जनमोर्चा र नेमकिपाका एक-एक सांसद बाहेक सबैले विश्वासको मत दिएका थिए ।

यसको अर्थ एमालेको उम्मेद्वार हुँदा प्रतिस्पर्धा, तर सरकारकै नेतृत्व गरिरहेको माओवादी केन्द्रका उम्मेद्वारलाई भने कांग्रेस, एकीकृत समाजवादी र लोसपाले समर्थन गर्दै आएको छ । त्यही निरन्तरतामा राष्ट्रियसभा उपाध्यक्षमा अर्याल निर्विरोध भएकी हुन् । कांग्रेस नेताहरुले यस्तो नीति अपनाउनुपर्ने कारण लुकाएका छैनन् । उनीहरुको प्रष्ट कुरा छ, राष्ट्रपतिमा दावी ।

राष्ट्रपति आफूले पाउनुपर्ने दावी गरेरै प्रधानमन्त्रीलाई विश्वासको मत दिएको कांग्रेसले लगातार माओवादी केन्द्रको विश्वास जित्ने प्रयास गरिरहेको छ । माओवादी केन्द्र र अध्यक्ष प्रचण्डको विश्वास जित्न संघमा मात्रै नभएर प्रदेशहरुमा पनि माओवादी केन्द्रका उम्मेद्वारलाई समर्थन गर्ने नीति कांग्रेसले अपनाएको छ । तर एमाले उम्मेद्वारविरुद्ध भने सबैतिर उम्मेद्वारी दिइरहेको छ ।

सार्वजनिक अभिव्यक्ति पनि कांग्रेस नेताहरुले राष्ट्रिय सहमतिको नारा लगाइरहेका छन् । सभामुख एमाले निर्वाचित भएको, राष्ट्रियसभा अध्यक्ष पनि एमाले नै रहेकाले राष्ट्रपतिमा आफूले पाउनुपर्ने तर्क कांग्रेस नेताहरुले गरिरहेका छन् । तर्कअनुसार, माओवादी केन्द्रबाट साथ पाएको बुझाइ पनि कांग्रेस नेताहरुमा देखिन्छ । गत साता मात्रै माओवादी केन्द्रको स्थायी कमिटी बैठकबाट राष्ट्रपतिमा सहमति

– बाँकी पृष्ठ २ मा

## नागरिकता विधेयक

# फेरि अघि बढ्यो

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार सर्वदलीय बैठक नै राखेर नागरिकता विधेयक अगाडि बढाउन खोजिएको सुनाए । विषयकेन्द्रीत छलफल नभएपनि दलहरु फेरि नागरिकता विधेयकउपरको छलफलमा घोत्लिन थालेका छन् ।



सबैको प्राथमिकतामा रहेको नागरिकता विधेयक सबैको सहमतिमा अगाडि बढाउनुपर्ने छ ।

**सुवास नेम्वाङ**
**उपनेता, संसदीय दल एमाले**



दुरगामी असर पार्ने विषय हो नागरिकता विधेयक । यसमा छलफल शुरु भएको छ यसलाई सकारात्मक रुपमा लिनुपर्छ ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**

**दीपेन्द्रविक्रम तामाङ / मध्यान्ह**
काठमाडौं, २३ माघ ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा सबैभन्दा बढी चर्चा भएको विधेयक हो- नागरिकता ऐन संशोधन विधेयक । तर, त्यही विधेयकले ऐनको रुप लिन सकेन ।

४ मंसिरको चुनावपछि आएको नयाँ प्रतिनिधिसभामा फेरि नागरिकता विधेयक अगाडि बढेको छ । गृह मन्त्रालय समेत सम्हालिरहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार सर्वदलीय बैठक नै राखेर नागरिकता विधेयक अगाडि बढाउन खोजिएको सुनाए । विषयकेन्द्रीत छलफल नभएपनि दलहरु फेरि नागरिकता विधेयकउपरको छलफलमा घोत्लिन थालेका छन् ।

प्रधानमन्त्रीमा विश्वासको मत माग्दै गर्दा प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री प्रचण्डले ६ महिनाभित्र नागरिकता कानून बनाउने वाचा गरेका थिए । आफ्नो वाचा अनुसार नै नागरिकता ऐन बनाउने आफ्नो चाहना रहेको दलका प्रतिनिधिहरु समक्ष प्रधानमन्त्री प्रचण्डले राखेका हुन् ।

गृहमन्त्रालय प्रधानमन्त्री प्रचण्डले नै सम्हालिरहेका छन् । नागरिकता विधेयक अगाडि बढाउने मन्त्रालय पनि गृह मन्त्रालय हो ।

अघिल्लो कार्यकालमा धेरै छलफल भएर पनि नागरिकता ऐन बन्न नसक्नुको कारण थियो- राष्ट्रपतिको कदम । संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) ले दुई पटक पारित गरेर पठाउँदा समेत राष्ट्रपतिले प्रमाणीरण नगरिदिँदा नागरिकता ऐन बन्न नसकेको हो ।

अघिल्लो कार्यकालमा मुख्यत विदेशी बुहारीको विषयमा दलहरुका विषयमा कुरा मिलेको थिएन । तत्कालीन अवस्थामा नेकपा एमालेले नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई ७ वर्षपछि मात्रै नेपाली नागरिकता (वैवाहिक अंगीकृत नागरिकता) दिनुपर्ने विषयमा अडान लिएको थियो । सरकारमा सँगै रहँदा माओवादी



– बाँकी पृष्ठ २ मा



# एकअर्कालाई दोष

सरकार निर्माण कम्पनीलाई दोष लगाउने अनि निर्माण कम्पनीले सरकारबाट बजेट निकासा नभएको लगायत अनेक बहाना गरेर काममा ढिलाइ गर्दै आइरहेका छन् ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २३ माघ ।

उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्रालयमा कार्यभार सम्हाल्ने बित्तिकै सडक निर्माण अलपत्र पार्ने जोकोहीलाई पनि कारबाही हुने बताएका थिए । यतिसम्म कि प्रचण्डको घरबेटीका रुपमा चिनिएका ठेकेदारलाई समेत कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका थिए ।

तर, उनले कार्यभार सम्हालेको डेढ महिना बढी हुँदा समेत कारबाही त परको कुरा उनले दिएको निर्देशन पनि कार्यान्वयन भएको छैन । उनले रिङरोडभित्र र बाहिरका मुख्य सडकको अनुगमन गर्दै भत्किएका र भत्काइएका सडक बनाउन १५ दिने अल्टिमेटम समेत दिएका थिए । तर, विद्युत् प्राधिकरण, सडक विभाग र मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)ले निर्देशनको एक महिना पुग्दा समेत खाल्डो पुर्ने विषयमा आनाकानी गरिरहेका छन् ।

त्यति मात्रै होइन, उपत्यकाभरको काम हेर्न र समन्वय गर्न सडकसम्बद्ध निकायलाई निर्देशन दिएपछि उनीहरुले त्यसमा समेत वेवास्ता गर्दै आएका छन् । सडक विभाग, डिभिजन सडक कार्यालय, विद्युत् प्राधिकरण, काठमाडौं र ललितपुर महानगरपालिका, पीआइडी लगायत निकायलाई समन्वय अधिकारी तोक्न मन्त्री श्रेष्ठले निर्देशन गरेपनि उनीहरु अहिले त्यसमा समेत आनाकानी गरिरहेका छन् ।

अहिले उपत्यकाका लगनखेल, पाटनढोका कलंकी, थापागाउँ, लाजिम्पाट, महाराजगन्ज, लैनचौर, ललितपुरको जावलाखेल, भैँसेपाटी चाबहिल, मित्रपार्क, बुढानीलकण्ठ, नयाँ बानेश्वर,

– बाँकी पृष्ठ २ मा

CYPRUS BASED PRO
WANTED
Requirements
Age : Above 30 years old, Female/Male
Salary: Neogotiabe
Experience: PRO experienced in field of Cyprus for more than 5 years & Good PRO in GCC.
Contact No.:
01-4378842, 01-4378936
+977 980-2338989
Mobhira Recruitment
Consultancy Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu

वैदेशिक रोजगार विशेष

# प्रति महिना ७० हजार नेपाली वैदेशिक रोजगारीमा

## रेमिट्यान्स आप्रवाह २४ प्रतिशतले वृद्धि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

चालु आर्थिक वर्षको छ महिनाको अवधिमा करिब तीन लाख नेपाली पहिलोपटक वैदेशिक रोजगारीमा गएका छन् । नेपाल राष्ट्र बैंकका अनुसार ६ महिनाको अवधिमा दुई लाख ७५ हजार छ सय ४३ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् ।

वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ६४.६ प्रतिशतले वृद्धि भई दुई लाख ७५ हजार ६ सय ४३ पुगेको भन्दै राष्ट्र बैंकले वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या पनि ९.५ प्रतिशतले वृद्धि भई एक लाख ४२ हजार पाँच सय ४८ पुगेको बताएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या दुई सय ९८ दशमलव एक प्रतिशतले बढेको थियो । नयाँ र पुनः श्रम स्वीकृति गरी ६ महिनाको अवधिमा ४ लाख १८ हजार १ सय ९१ पुगेको छ ।

६ महिनाको अवधिमा पाँच खर्ब ८५ अर्ब आठ करोड बराबरको विप्रेषण भित्रिएको बैंकले जनाएको छ । बैंकले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार ६ महिनाको अवधिमा विप्रेषण आप्रवाह २४.३ प्रतिशतले वृद्धि भएको छ ।

अघिल्लो वर्षको ६ महिनाको अवधिमा विप्रेषण आप्रवाह पाँच प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.९ प्रतिशतले वृद्धि भई चार अर्ब ५० करोड पुगेको बैंकले बताएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.७ प्रतिशतले घटेको थियो ।

### ठगी गर्नेलाई कडा कारबाही गर्ने मन्त्रालयको चेतावनी

**काठमाडौं / मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाँदा सरकारी दस्तुरबाहेक कसैलाई कुनै पनि प्रकारको शुल्क बुझाउनु नपर्ने स्पष्ट पारेको छ ।

व्यक्तिगत श्रम स्वीकृतिमा यूएईलगायतका खाडी मुलुक र त्यहाँबाट युरोपका देशसहित अमेरिका र क्यानडामा आकर्षक तलबसहितको वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठूलो रकम ठगी भएका घटना सार्वजनिक भइरहेका छन् । त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै मन्त्रालयले व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाँदा सरकारी दस्तुरबाहेक कसैलाई कुनै पनि प्रकारको शुल्क बुझाउनु नपर्ने र कसैले भ्रम र दबाबमा पारेर गैरकानूनीरूपमा रकम माग गरेमा तत्काल मन्त्रालयलाई जानकारी गराउन आग्रह गरेको छ ।

त्यसैगरी मन्त्रालयले वैदेशिक रोजगारमा पठाउन इजाजतपत्र प्राप्त व्यवसायीले समेत कानूनी एवम् नीतिगत व्यवस्थाको परिपालना गरी पेशागत इमानदारिताका साथ काम गर्न आग्रह गरेको छ । मन्त्रालयले देशभित्र मात्रै नभई वैदेशिक रोजगारमा गएकै सिलसिलामा

– बाँकी पृष्ठ २ मा

Urgently Required
A well established foreign employment company is looking for the following staff.
Office Manager (Male/female) 1 Nos.
Requirements:
❖ Bachelors / MBA
❖ Handling all-important overseas correspondence through E-mail and Phone.
❖ Tracking all the deployment and visa details. Tracking all the projects status.
❖ Instructing all Administrative Assistants.
Office Documentation (Female) 2 Nos.
Requirements:
❖ 10+2 passed from a recognized university.
❖ Should have good computer knowledge.
❖ Should have knowledge of MS Office and Photoshop.
Receptionist (Female) 2 Nos.
Requirements:
❖ +2 Passed.
❖ Fluent in English (Speaking, Reading & Writing).
❖ Should be able to communicate with public over the phone, tracking records of passports and updating customers.
Salary is Negotiable
Preference will be given to candidate with experience in similar fields.
Sent CV to : dulscohr500@gmail.com including your post and salary.
Dulsco Human Resource Pvt. Ltd. Govt. Lic. No.: 500/061/62
Dhumbarahi, Kathmandu, Nepal
Tel : 01-4543010, 4531614, 9819103734

VACANCY ANNOUCEMENT
A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-
Receptionist : 1 (Female)
- Experience or Freshers can apply
International Marketing : 1 (M/F)
- 5 yrs experienced in related field
Salary Negotiable
Please send your CV:
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
Kathmandu, Nepal | 01-5914632 | 9851024632
cvsbrightfuturehrs@gmail.com

# भारतीय सेना प्रमुख पाण्डेसहित ११ पूर्वप्रमुख नेपाल आउँदै

**काठमाडौं/मस–** भारतीय स्थल सेनाका प्रमुख मनोज पाण्डेसहित ११ जना पूर्व प्रमुख नेपाल आउने भएका छन् । नेपाली सेनाको विशेष निमन्त्रणामा स्थल सेनाध्यक्ष पाण्डेसहित पूर्व प्रमुखहरु फागुन पहिलो साता नेपाल आउन लागेका हुन् । नेपाली सेनाले आफ्नो २६० औं स्थापना दिवसको अवसरमा भारतीय ११ जना स्थल सेनाका पूर्व प्रमुखलाई निमन्त्रणा गरिएको सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले बताए ।

उनकाअनुसार पूर्वप्रमुखहरु विश्वनाथ शर्मा, शंकर रोय चौधरी, वेदप्रकाश मल्लिक, सुन्दरराजन पद्मनभन, निर्मलचन्दर बिज, जोगिन्द्र जसवन्त सिंह, दीपक कपुर, विजयकुमार सिंह, विक्रम सिंह, दलवीर सिंह र मनोज मुकुन्द नरवानेलाई सेनाले निमन्त्रणा गरिएको छ । उनीहरु फागुन ५ गते काठमाडौं आइपुग्ने र ८ गते फर्किने सेनाले जनाएको छ ।

नेपाली सेनाले १० वर्षपछि विशेष कार्यक्रमकाबीच आफ्नो



स्थापना दिवस मनाउन लागेको हो । यसअघि २५० औं स्थापना दिवस पनि विशेष कार्यक्रमकाबीच मनाएको थियो । नेपाली सेना र भारतीय सेनाबीच एकअर्काका प्रमुखलाई मानार्थ महारथीको सम्मान दिने प्रचलन छ । नेपाली सेनाका प्रमुखलाई पनि भारतमा मानार्थ महारथीको सम्मान दिइँदै आएको छ ।

गत भदौ १९ गते ५ दिने नेपाल भ्रमणमा आएका भारतीय स्थल सेनाका प्रमुख मनोज पाण्डेलाई नेपाली सेनाले त्यतिबेला उनलाई मानार्थ महारथीको सम्मान दिएको थियो ।

**सेना दिवसको विशेष कार्यक्रमको कार्यतालिका**

सेना दिवसको अवसरमा फागुन ५ गते वीर स्मारक छाउनीमा श्रद्धाञ्जली अर्पण कार्यक्रम हुनेछ । यस्तै फागुन ६ गते सैनिक मञ्च टुँडिखेलमा विशेष कार्यक्रम गर्ने सेनाको तयारी छ । सो अवसरमा ५ सय ५५ वटा मादल एकसाथ बजाउँदै विशेष प्रस्तुति गरिनेछ । भारतीय सेना र बेलायती सेनाले पनि विशेष व्यान्डसहितको प्रस्तुति दिनेछन् । सैनिक मञ्च र छाउनीको स्मारकमा वीरगति प्राप्त सैनिकको सम्झनामा अखण्ड बत्ती बालिनेछ । फागुन ७ गते जंगी अड्डामा परमाधिपतिसमेत रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा साँस्कृतिक कार्यक्रम हुनेछ । नेपाली सेनाको मुखपत्र सिपाहीको विमोचन पनि त्यसै दिन गरिनेछ । यस्तै सैनिक इतिहाससम्बन्धी पुस्तक पनि विमोचन गरिने सेनाले जनाएको छ । नेपाली सेनाले स्थापना दिवसकै अवसरमा यसअघि फोटो प्रदर्शनी गरेको थियो । यस्तै विभिन्न खेलकुद प्रतियोगिता पनि सञ्चालन गरिएको छ ।

# वैशाखभित्र पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने तयारी

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २३ माघ



जुम्लामा वैशाखभित्र पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने तयारी भएको छ । १ नगरपालिका र ७ गाउँपालिकालाई आगामी वैशाखभित्र पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने तयारी गरिएको हो ।

जुम्ला यसअघि नै पूर्णखोप जिल्ला घोषणा भइसकेको छ । तर राष्ट्रिय खोप कार्यक्रमअनुसार हरेक वर्ष १५ महिनामुनिका लक्षित सबै बालबालिका सबै प्रकारका खोप लगाएको सुनिश्चिता गर्नुपर्ने प्रावधान छ । आगामी २०८० वैशाखभित्र जुम्लाका ८ वटै पालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गर्ने कार्ययोजना तयार गरिएको हो । सोमबार जिल्ला जनस्वास्थ्य कार्यालयद्वारा आयोजित 'जिल्लास्तरीय पूर्णखोप कार्यक्रमको समीक्षा तथा पूर्ण खोप दिगोपनाको कार्ययोजना गोष्ठीमा' सहभागी जुम्लाका ८ वटै पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा संयोजकले वैशाख महिनाभित्र पूर्णखोप पालिका घोषणा गर्ने कार्ययोजनामा लिखित प्रतिबद्धता गरेका छन् ।

आगामी वैशाख १६ गते चन्दननाथ नगरपालिकालाई पूर्णखोप पालिका घोषणा गर्ने कार्ययोजना तयारी छ । यस्तै तातोपानी गाउँपालिकालाई वैशाख १३ गते, सिंजा गाउँपालिकालाई ८ गते, तिला गाउँपालिकालाई १५ गते, हिमा गाउँपालिकालाई १४ गते पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने कार्ययोजना तयार भएको जिल्ला जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्ण सापकोटाले बताए । उनका अनुसार कनकासुन्दरी गाउँपालिका वैशाख २४ गते, गुठिचौर गाउँपालिका २० गते र पातारासी गाउँपालिका ७ गते गरी ८ वटै पालिका वैशाखभित्र पूर्णखोप सुनिश्चित पालिका घोषणा हुने भएका छन् ।

# अटो व्यवसायीले ट्राफिक नियमको पालना नगरे कारबाही

**मानबहादुर विश्वकर्मा/मध्यान्ह**
कालीकोट, २३ माघ



कालीकोटमा सञ्चालित अटो व्यवसायीहरुले ट्राफिक नियमको पालन नगरे कारबाही गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय कालीकोटमा सोमबार बसेको अटो व्यवसायीहरुसँगको समन्वयात्मक बैठकमा प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीले यस्तो बताएका हुन् । अटो व्यावसायीहरुसँगको बैठकले अनिवार्य चालक अनुमति पत्र हुनुपर्ने, सम्बन्धित स्थानीय तहमा सवारी साधन दर्ता तथा नविकरण गर्नुपर्ने, चालकले आफ्नो यात्रु र सवारीको बीमा गरेको हुनुपर्ने लगायतका निर्णय गरेको थियो । साथै बैठकले सवारी साधनमा कति यात्रु राख्न पाउँने उल्लेख भएको बिलबुक राख्नुपर्ने, तोकिएको ठाउँमा मात्रै पार्किङ गर्नुपर्ने लगायतका निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी माझीले जानकारी दिए ।

बैठकमा जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले अधिकार प्राप्त निकायबाट प्राप्त सवारी चालक अनुमति पत्र अनिवार्य रुपमा लिएर मात्र सवारी साधन चलाउनु पर्ने बताए । सम्बन्धित स्थानीय तहमा सवारी साधनहरु अनिवार्य रुपमा दर्ता गरिएको हुनुपर्ने विषयलाई गम्भीर रुपमा नलिए अटो चालकहरुलाई कारबाहीको दायरामा ल्याउने उनले बताए ।

सम्बन्धित सवारी चालकले सवारी र यात्रु बीमा अनिवार्य रुपमा गरिएको हुनुपर्ने, अधिकार निकायबाट जारी गरिएको बिलबुकमा उल्लेखित गरिएअनुसार क्षमताभन्दा बढी यात्रु ओसारपसार नगर्न उनले निर्देशन दिए ।

यसैगरी प्रमुख जिल्ला अधिकारी माझीले अटोचालकहरुलाई समयमै सचेत नभए भोलिका दिनमा पछुताउनु पर्ने भन्दै सबैले ध्यान दिनुपर्ने बताए । प्रमुख जिल्ला अधिकारी माझीले केहीदिन अगाडि तिलागुफामा भएको अटो दुर्घटनाबाट ज्यान गुमाउनेप्रति समवेदना प्रकट गर्दै घाइतेको सिघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

यसैगरी खाँडाचक्र नगरपालिका वडा नम्बर १ का अध्यक्ष धर्मराज ताम्राकारले सवारी चालकले मादक पदार्थ सेवन गरी अटो रिक्सा चलाउने गरेको गुनासो आएको भन्दै त्यस्तो गरेको पाइएमा कारबाही गरिने उनले बताए ।

सदरमुकाम मान्ममा नगरपालिकाबाट तोकिएको रुट बमोजिम सवारी साधन चलाउने विषयमा अटो चालक गम्भीर हुनुपर्नेमा जोड दिए । मनोमानी रुपमा भाडा असुल गरिएको यात्रुहरुले गुनासो गरेकाले सम्बन्धित स्थानीय तहले निर्धारण गरेको भन्दा बढी भाडा नउठाउन अध्यक्ष ताम्राकारले बताए ।

बैठकमा जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख प्रहरी नायव उपरीक्षक (डिएसपी) जयश्वर रिमाल, सशस्त्र प्रहरी नायव उपरीक्षक मित्रलाल शर्मा, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनसुन्धान अधिकृत रामअचल शाह, खाँडाचक्र नगरपालिका वडा नम्बर १ का अध्यक्ष धर्मराज ताम्राकार, नेपाल पत्रकार महासंघ कालीकोटका अध्यक्ष भरतराज विष्ट, अटो व्यवसायीलगायतका सरोकावालाहरुको सहभागिता रहेको थियो ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २३ माघ

सवारी दुर्घटनामा ज्यान गुमाएका मृतकका आफन्तको प्रदर्शनका कारण जयपृथ्वी राजमार्ग अवरुद्ध गरेका छन् । धनगढीबाट बझाङ आउँदै गरेको मालबाहक ट्रक र मोटरसाइकल एकआपसमा ठोकिँदा दुर्गाथली गाउँपालिका ३ रकैल घर भएकी २५ वर्षीया अमृता खत्रीको मृत्यु भएपछि स्थानीयले राजमार्ग अवरुद्ध गरेका हुन् ।

सोमबार बिहान सदरमुकाम चैनपुरदेखि बागथाला तर्फ गइरहेको सुपप्र ०१०१ ० प ५३१७ नम्बरको मोटरसाइकल र धनगढीबाट बझाङ आइरहेको सुपप्र ०१००१ ख ३०७१ नम्बरको ट्रक केदारस्युँ गाउँपालिका २ र ४ को बीच बज्वामा एकआपसमा ठोकिँदा मोटरसाइकल पछाडि सवार हेयर नेपालमा कार्यरत खत्रीको घटना स्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङका सूचना अधिकारी रमेश अवस्थीले बताए । दुर्घटनापछि स्थानीय र मृतकका आफन्तले जयपृथ्वी राजमार्ग अवरुद्ध गरेपछि सवारी आवागमन प्रभावित बनेको थियो ।

मृतकका आफन्त र स्थानीयले परिवारलाई उचित क्षतिपूर्ति, घटनाको सत्यतथ्य छानवीन र सवारी चालकलाई नियन्त्रणमा लिनुपर्ने माग राखेका थिए ।

अहिले ट्रक चालक बैतडीको पुर्चौडि नगरपालिका ६ का दिपेन्द्र साउँदलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिएको प्रहरीले जनाएको छ । यता मोटरसाइकल चालक बझाङको जयपृथ्वी नगरपालिका ७ का नारायण जोशी फरार रहेका छन् । फरार जोशीको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । खत्री संस्थाको फिल्ड कार्यक्रमका लागि बाग्थला जाने क्रममा दुर्घटनामा परेको प्रहरीले जनाएको छ । मृतक खत्रीका श्रीमान् उत्तम धामी भने हाल भारतमा रहेको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ ।

## विश्वास...

खोज्ने निर्णय गरेको छ । जबकी प्रचण्ड प्रधानमन्त्री भइरहँदा राष्ट्रपति एमालेले लिने सहमति भएको थियो । त्यसैअनुसार, सात मध्ये चार प्रदेशको नेतृत्व एमालेले, दुई प्रदेशको नेतृत्व माओवादी केन्द्रले र मधेश प्रदेशको नेतृत्व जसपाले गरेको छ । सभामुख र उपसभामुखमा पनि सत्तारुढ सहमति अनुसार नै नतिजा आएको छ । तर सत्तारुढको भागबण्डा भत्काउँदै प्रचण्डलाई आफ्नो समीकरणमा ल्याउन कांग्रेसले एकपछि अर्को सहयोग गरिररहेको छ ।

## नागरिकता...

केन्द्रले पनि यही विषयमा आफ्नो अडान राखेको थियो । तर, पनि कांग्रेस नेतृत्वमा सरकार बनेपछि ०६३ अनुसार नै विवाह गरेर आएलगत्तै वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्ने प्रावधानको निरन्तरताको पक्षमा माओवादी केन्द्र रहेको थियो । अहिले फेरि एमाले र माओवादी सरकारमा छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अनुसार नागरिकता लगायत, सुशासन, संक्रमणकालिन न्याय, शिक्षा, स्वास्थ्य सम्बन्धी विषयमा समेत विधेयकहरु तयार भएका छ । नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ नागरिकता विधेयक सबैको प्राथमिकतामा रहेको बताउँछन् । उनी भन्छन्, 'सबैको प्राथमिकतामा रहेको नागरिकता विधेयक सबैको सहमतिमा अगाडि बढाउनुपर्ने छ ।'

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक नागरिकता विधेयकउपर छलफल भएको बताउँछन् । उनी भन्छन्, 'दुरगामी असर पार्ने विषय हो नागरिकता विधेयक । यसमा छलफल सुरु भएको छ यसलाई सकारात्मक रुपमा लिनुपर्छ ।'

## एकअर्कालाई...

पुरानो बानेश्वर, तिनकुने हुँदै थापाथली निस्किने बागमती करिडोर आदि स्थानका सडक अस्तव्यस्त बनेका छन् । जसले गर्दा सर्वसाधारणको आवागमनमा मात्रै होइन, सडक जाम समेत बढेको छ ।

**वर्षौंदेखि अलपत्र**

उपत्यकाका सडक मात्रै होइन, राष्ट्रिय महत्व र गौरवका सडक निर्माणको समेत प्रगति अवस्था अत्यन्तै सुस्त छ । कञ्चनपुरमा निर्माणाधीन हुलाकी सडकमार्ग ३ वर्षमा सक्ने लक्ष्य लिएपनि ६ वर्षपुगिसक्दा समेत विवादमै देखिएको छ । सरकार निर्माण कम्पनीलाई दोष लगाउने अनि निर्माण कम्पनीले सरकारबाट बजेट निकासा नभएको लगायत अनेक बहाना गरेर काममा ढिलाइ गर्दै आईरहेको छ ।

हाल कैलाली र कञ्चनपुरको सीमा पुनर्वास नगरपालिकाको डोकेबजारदेखि पुनर्वास, बेलौरी, बेलडाँडी र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हुँदै बेदकोट नगरपालिकाको सिसैसासम्म ६२ किलोमिटर हुलाकी सडक निर्माणको काम तीन प्याकेजमा भएपनि कुनैपनि पूरा भएका छैनन् ।

हुलाकी सडक त प्रतिनिधि सडक मात्रै हो, देशभरिका थुप्रै आयोजना र सडक ठेकेदारको लापरवाहीले वर्षौंसम्म अलपत्र परेका छन् । मध्यपहाडी लोकमार्ग, फास्टट्र्याक, नारायणगढ-मुग्लिन सडकखण्ड, जोरपाटी-साँखु सडकखण्ड र नारायणगढ-बुटवल सडकखण्ड आदि अलपत्र परेका छन् ।

निर्माण भएका सडक पनि कम गुणस्तरीय हुँदा छिट्टै बिग्रने र आवतजावतमा समस्या हुने क्रम रोकिएको छैन । तरपनि, हरेक सरकार निर्देशन दिने तर काममा भने कुनै प्रगति गर्ननसक्ने प्रवृत्तिबाट माथि उठ्न सकेका छैनन् ।

## ठगी...

समेत नेपालीले नेपालीलाई र रोजगारदाताले समेत नेपाली श्रमिकलाई ठगी गर्ने गरेको विषयमा पनि गुनासो र उजुरी आइरहेको बताएको छ । मन्त्रालयले नेपाल सरकारबाट भएको नीतिगत, कानूनी र प्रक्रियागत व्यवस्थाको बर्खिलाप ठगी गर्नेहरूलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ ।

यसअघि वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले विभिन्न कारणले वैदेशिक रोजगार व्यवसायीमाथि बाह्य दबाब बढेकाले गम्भीर हुन व्यवसायीहरूलाई सुझाव दिएका थिए ।

महानिर्देशक आचार्यले कन्सल्ट्यान्सी, ट्राभल्स व्यवसायी मात्रै नभएर महानगरपालिकामा दर्ता भएका तालिम प्रदायक संस्थाले वैदेशिक रोजगारका नाममा व्यक्तिगत ठगी गर्ने प्रवृत्तिले वैदेशिक रोजगारको ठगी हो वा होइन छुट्याउन नै धेरै गाह्रो भएको बताएका छन् ।


## साँगुरीगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भेडेटार, धनकुटा**

**साँगुरीगढी गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



**UAE मा रोजगार** Bright Sagoon Building Cleaning Services

पुर्व स्वीकृती मितिः २०७९/०९/२४ चलानी नं.: ६०१९४८१६ LT 278948

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Archivist | 0 | 1 | काममा दक्ष | 1500 | ५४,१७४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Building Exterior Cleaner | 9 | 5 | | 1000 | ३६,११६।- | | | | | | | |
| ३. | Cleaner | 30 | 5 | | 1000 | ३६,११६।- | | | | | | | |
| ४. | Window Cleaner | 7 | 5 | | 1000 | ३६,११६।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु १०,०००/- |

अन्तरवार्ता २०७९ फाल्गुन २ गते (14 Feb, 2023) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल–९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७४१/०६४/०६५



**Cyprus मा महिलाहरूलाई रोजगारको अवसर** पून:विज्ञापन

१. कम्पनी: **Chriso Youkhan Private Labour Office**, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०७८।०८।२२ चलानी नं. ६०१७१७७२ LT.No. 253120

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 02 | काममा दक्ष | 314 | ४४,५९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **Private Employment Agency, (Kostakis, Konstantinou), Limassol, Cyprus**

पूर्व स्वीकृती मिति २०७८।०४।२९ चलानी नं. ६०१८५२९३ LT.No. 269425

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker Female | - | 01 | काममा दक्ष | 314 | ४४,५९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: **E.T. Turst Employment**, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०७८।०८।०७ चलानी नं. ६०१६८६५२ LT.No. 251706

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | काममा दक्ष | 314 | ४४,५९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता २०७८ फाल्गुन २ गते (14 February, 2022) मेनपावर कार्यालय गौशलामा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**Shalma H. R. Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:-4579525, 4579526, Email:- info@shalmahr.com

# पोखरा विमान दुर्घटनाः इन्जिनमा समस्याको संकेत



यतीको विमान दुर्घटना हुँदा चालक दलसहित ७२ जनाको मृत्यु भएको थियो । दुर्घटनापछि सरकारका पूर्वसचिव नगेन्द्र प्रसाद घिमिरेको अध्यक्षतामा पाँच सदस्य जाँचबुझ आयोग गठन भएको थियो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

दुर्घटनाग्रस्त यती एयरलाइन्सको एटिआर-७२ जहाजको डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको विश्लेषण तथा अनुसन्धान गर्ने काम सकिएको दुर्घटना जाँच आयोगले जनाएको छ ।

गत माघ १ गते काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको एटिआर जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको पश्चिमतर्फ (रनवे-१२) बाट अवतरण गर्ने क्रममा दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनाको छानबिन गर्न सरकारले गठन गरेको दुर्घटना जाँच आयोगले सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्यूरोमा फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डाटा विश्लेषण गरेको थियो ।

आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेका अनुसार डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर दुवैको डाटा विश्लेषण र अनुसन्धान गर्न आयोगका संयोजक, हवाई विज्ञ र सदस्यसचिवहरुलाई पठाइएकामा उक्त कार्य सफलतापूर्वक सम्पन्न गरी आयोगकका पदाधिकारी नेपाल फर्किएका हुन् । उक्त फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको डाटा विश्लेषण गर्न आयोगको नेतृत्वमा सिंगापुर, फ्रान्स, क्यानडा र आयसाका प्रतिनिधिसमेत बसेर प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको आयोगले जनाएको छ । सो अवसरमा सिंगापुरस्थित एटिआर जहाजको सिमुलेटरमा विभिन्न फ्लाइट र प्राविधिक पक्षको थप अध्ययनसमेत भएको छ ।

विज्ञसहितको विश्लेषण र अनुसन्धानबाट दुर्घटनाग्रस्त जहाज अवतरण गर्ने क्रममा 'बेस लेगमा दुवै इन्जिनका प्रोपेलरहरू फेदर'मा गएको देखिएको छ । उक्त जहाजका दुवै इन्जिन प्रोपेलर फेदरमा किन गयो भनी आयोगले प्राविधिक र मानवीय पक्षहरूको थप अनुसन्धान अगाडि बढाइसकेको आयोगका सदस्यसचिव लामिछानेले बताए ।

आयोगले अन्तिम प्रतिवेदन पेस गर्न समय लाग्ने भएकाले हालसम्म प्राप्त सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानका आधारमा हवाई सुरक्षामा थप प्रभावकारी तुल्याउन सिफारिससहित प्रारम्भिक प्रतिवेदन ल्याउने तयारीसमेत गरेको आयोगले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । जहाज पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलको धावनमार्गको पश्चिमतर्फ 'रनवे वान टू'बाट अवतरण गर्ने क्रममा दुर्घटनामा परेको थियो । लगत्तै सरकारले दुर्घटना जाँच आयोग गठन गरेको थियो । आयोगले सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्यूरोमा फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर डाटा विश्लेषण गरेको थियो । आयोगका संयोजक, हवाई विज्ञ र सदस्यसचिव सिंगापुर गएका थिए । उनीहरू अनुसन्धान र विश्लेषणपछि नेपाल फर्किएका हुन् ।

# व्यवसायी भण्डारीद्वारा २१ फिट अग्लो गणेशको प्रतिमा निर्माण

**इलाम/मस-** इलामको माईजोगमाई गाउँपालिकामा २१ फिट अग्लो गणेश भगवानको प्रतिमा निर्माण सम्पन्न भएको छ । पूर्वी नेपालको सुन्दर पर्यटकीय क्षेत्र अन्तर्गत माईजोगमाई गाउँपालिकाको नयाँबजारको दुर्गा मन्दिरको प्राङ्गणमा गणेश भगवानको प्रतिमा निर्माणले सो क्षेत्रको धार्मिक एवं पर्यटकीय क्षेत्रलाई थप उचाइ दिएको छ ।



काठमाडौंको सामाखुसीस्थित एडभान्स म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.का एक्जुकेटिभ डाइरेक्टर युवा वैदेशिक रोजगार व्यवसायी मुकेश भण्डारीको व्यक्तिगत लागतमा करिब २१ फिट अग्लो गणेश प्रतिमा निर्माण भएको हो । व्यवसायी भण्डारीका बाबुबाजेले दुर्गा मन्दिरका लागि जग्गा दान गरेर पुण्यकार्यको शुभारम्भ गरेका थिए । व्यवसायी भण्डारीले त्यसलाई निरन्तरता दिँदै सोही ठाउँमा गणेशको प्रतिमा बनाएका हुन् । गत वैशाखमा शिलान्यास गरिएको गणेश भगवानको प्रतिमा निर्माण सम्पन्न भएपछि हालै औपचारिकरूपमा धार्मिक विधिअनुसार पूजापाठसहित अनावरण गरी सर्वसाधारणका लागि खुला गरिएको छ ।

करिब २२ लाख रूपैयाँको लागतमा प्रतिमा स्थापना भएको भण्डारीले बताए । भण्डारीले गणेश प्रतिमा स्थापनाले उक्त स्थानलाई नेपालमा मात्रै नभई विश्वसामु चिनाउनुका साथै धार्मिक तथा पर्यटकीय क्षेत्र बनाउन योगदान पुग्ने मध्यान्हलाई बताए ।

# काठमाडौं उपत्यकामा भेटियो बर्डफ्लू

काठमाडौं/मस- काठमाडौं उपत्यकाका तीन स्थानमा बर्डफ्लू संक्रमण देखिएको छ ।

ललितपुर महानगरपालिकाको खुमलटार, काठमाडौंको नार्गाजुन नगरपालिका रामकोट र तारकेश्वर नगरपालिकाका कुखुरामा बर्डफ्लू पुष्टि भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

१६ माघ खुमलटारस्थित कृषिअनुसन्धान परिषद् नार्कको अनुसन्धान फार्ममा पहिलो संक्रमण पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरका प्रमुख डा. रामप्रसद प्रधानले बताए ।

# मनोज पाण्डेलाई ७ वर्षको कैद सजाय

काठमाडौं/मस- सौन्दर्य प्रतियोगिताको आडमा बलात्कारको अभियोग लागेका मनोज पाण्डेलाई ७ वर्ष कैदको सजाय फैसला भएको छ । यसअघि पाण्डेलाई मानव बेचबिखन तथा ओसार पसारको कसूरमा दोषी ठहर गरिएको थियो भने सजाय निर्धारण हुन बाँकी थियो ।

सोमबार सजाय निर्धारण गर्दै ७ वर्ष कैद र पीडितलाई ७५ हजार क्षतिपूर्ति गराउने निर्णय गरेको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालले बताए । पाण्डेलाई बालयौन दुराचार र मानव बेचबिखनको कसूरमा दोषी ठहर गरिएको थियो ।

जिल्ला न्यायाधीश दीपक ढकालको इजलसाले पाण्डेलाई माथिका दुई अभियोगमा दोषी ठहर गरेको थियो । यसअघि जिल्लाले बालयौन दुर्व्यवहारमा ६ महिना कैद र ५० हजार जरिवाना तोकेको थियो ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्ध प्राप्त सामुदायिक कलेज

## ब्रम्हचारी दामोदरानन्द कलेज

मिर्चैया-५, सिरहा, नेपाल

### प्रोपराइटर मो. समिर राईनको नाममा जारी गरिएको ७ दिने सूचना

सूचना प्रकाशित मितिः २०७९/१०/२४

**यस ब्रम्हचारी दामोदरानन्द कलेजले विश्व विद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा निर्माण सम्पन्न गर्नुपर्ने कलेज भवनको टेन्डर विज्ञापन UGC–BDC–NCB–BUI– 2079/080 त्यस ड्रागन कन्सट्रक्सन धनगढीमाई न.पा.- १०, सिरहाका प्रोपराइटर मो. समिर राइनसँग २०७९/०८/१५ गते सम्झौता (Agreement) भएकोमा आजसम्म कामको कुनै कार्य प्रगती नभएकोले के कति कारणले करार बमोजिमको कार्य नगरेको हो, सो यकिन हुन नसकेको हुँदा विश्व विद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा बन्न लागेको सो भवनको गत पौष मसान्त सम्ममै दोस्रो किस्ता माग गर्नु पर्ने जानकारी गराएतापनि हालसम्म उक्त कार्यमा प्रगति नभएको हुँदा विश्व विद्यालय अनुदान आयोगबाट आगामी दिनमा यस कलेजलाई अनुदानबाट वञ्चित गरिने भएकोले तपाईले आफ्नो कार्य प्रगति विवरण ७ (सात) दिन भित्र पेश गर्न र सो नगरेमा कानून बमोजिम कारबाही भईजाने व्यहोरा यसै स्पष्टिकरण साथ तपाईलाई जानकारी गराईन्छ ।**

(क्याम्पस प्रमुख)

UAE मा रोजगार Clairvoyant Force Security Service LLC.

पुर्व स्वीकृती मितिः २०७९/१०/२३ चलानी नं.: ६०१९६१२८ LT 280625

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 13 | 3 | काममा दक्ष | 1600 | ५७,७८५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Receptionist | 4 | 0 | | 1600 | ५७,७८५।- | | | | | | | |
| ३. | Information Clerk | 4 | 0 | | 1600 | ५७,७८५।- | | | | | | | |
| ४. | Data Entry Clerk | 4 | 0 | | 1600 | ५७,७८५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७९ फागुन २, ३, ४, ५, ६ र ७ गते (14, 15, 16, 17 18 & 19 Feb, 2023) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारीः [illegible]

ABC Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ५०१/०६१/६२
Sambhu Marg, Sinamangal, Kathmandu
Ph. 4578783, Email : abcoverseas@gmail.com

## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जामुनवारी, झापा

### कनकाई नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

मितिः२०७९/१०/२२

यस कृष्णनगर नगरपालिकाको लागि प्रदेश सरकारद्वारा हस्तान्तरित कार्यक्रम (ससर्त अनुदान) तर्फ आ.व.२०७९/०८० को लागि प्रदेश सरकारद्वारा स्वीकृत आयोजना अनुसार यस कार्यालयबाट मिति २०७९/०९/१५ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित वडा नं.०४ मा सिर्सिहवा आधारभूत विद्यालय भवन निर्माण सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | Contract Number KNM/ NCB/BLD-08/079/80 | J P Ganga Construction and Suppliers KNR Krishnanagar Municipality-10 phone: 9847085576 | १९,५७,१७१/६५ | |

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## Madhyabindu Municipality
## Office of Municipal Executive

*Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)*
*Gandaki Province, Nepal*

### Invitation for Sealed Quotation

**First Date of publication: 2023-01-19 (2079-10-05)**
**Second Date of publication: 2023-02-07 (2079-10-24)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites **Electronic Bids** from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. **Ph: 078-410125** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 16/MBMW/ Works/ 2079/80 | Construction of Shades and Taarjali of Gaushala Madhyabindu 11 | SQ- WORKS | 1250826.43 | 1000/- | 35000.00 | 45 days/90 days after bid opening | 2023-02-22 (2079-11-10) 12.00 | 2023-02-22 (2079-11-10) 14.00 |

**Chief Administrative Officer**

WE ARE HIRING

One of the reputed recruitment agency is seeking for following applicants.

1. Documentation: 1 (Male/Female)
2. Receptionist: 1 (Male/Female)

*Requirements and skills:*
- *Proficiency in Microsoft Office Suite*
- *Hands-on experience with office equipment (e.g. fax machines and printers)*
- *Professional attitude and appearance*
- *Solid written and verbal communication skills*
- *Excellent organizational skills*

**Contact No.: 9851016420, 9801116420**

B&G INTERNATIONAL OVERSEAS PVT.LTD. | Airport, Sinamangal, Kathmandu

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ माघ २०७९, मंगलबार
7 February 2023, Tuesday

## सम्पादकीय

## किसान रुनुपर्ने देश

आफूले उत्पादन गरेको तरकारीले बजार मूल्य नपाएको भन्दै चितवनका किसानहरू फेरि आन्दोलनमा उत्रिएका छन् । अघिल्ला वर्षहरू जस्तै यसपटक पनि किसानहरू आफूले उत्पादन गरेको गोलभेँडा, फर्सी, बन्दा काउली, घिउसिमी लगायत तरकारी सडकमा फालेर आन्दोलनमा उत्रिएका हुन् । उनीहरूले यसअघि झैं 'किसान मार्न पाइदैन, विदेशी तरकारी र फलफूल चाहिँदैन' नारासहित तरकारी सडकमा फालेका छन् । उत्पादित तरकारीले बजार र मूल्य नपाउने नियति अरू किसानले पनि खेप्दै आएका छन् । एकप्रकारले नेपाली किसानहरूले यस्तो समस्या खेप्नु लगातार दोहोरिने नियति बन्न पुगेको छ । कहिले उत्पादित तरकारी त कहिले दूध सडकमा फालेर आन्दोलन गरेको दृश्य वर्षेनि देखिने गरेको छ । तर किसानका समस्याको दीर्घकालीन समाधान कहिल्यै हुन सकेको छैन ।

तरकारी र दुग्ध व्यावसायी जस्तै समस्या कुखुरा पालक किसानहरूले पनि खेपिरहेका छन् । सरकारी तथ्याङ्क अनुसार, साना किसानलाई सरकारले दिनुपर्ने क्षतिपूर्ति रकम मात्रै ५८ करोड रूपैयाँ बढी छ । बर्डफ्लूको जोखिम न्यूनीकरण गर्न सरकारी निर्णय बमोजिम नष्ट गरिएको कुखुराको मूल्य सरकारले किसानलाई दिएको छैन । यसबारे नेपाली कांग्रेसका महामन्त्री गगन थापाले गत मंगलबार मात्रै प्रतिनिधिसभा बैठकबाट सरकारको ध्यानाकर्षण गराएका थिए । साना किसानहरूले कृषि मन्त्रालय धाउने, रूने र कराउने गरेपनि नष्ट गरिएको कुखुराको मूल्य सरकारले नदिएको थापाको भनाइ थियो । अन्य सांसदहरूले पनि यो समस्या जोडका साथ उठाएका छन् । तर समाधान हुन नसक्दा कुखुरा उत्पादक किसानहरूले बर्डफ्लू देखिएपनि कुखुरा नष्ट नगर्ने, बरू बजार उठाउने जोखिम औल्याइएको छ ।

यी दृश्यले किसानलाई सरकारले न्याय गर्न नसकेको प्रष्ट पार्छ । सँगै, यसको असर सिंगो मुलुकले खेप्नु परेको छ । किनकि तरकारी, दुग्ध र कुखुरा उत्पादनले मुलुकको रोजगारीसँग मात्रै जोडिएको छैन । भारतीय उत्पादन नेपालको बजारमा सहजै आउने भएकाले स्वदेशी उत्पादनमा हुने नोक्सान वा निरूत्साहनले ब्यापारघाटा बढाउने निश्चित छ । लाखौं युवा विदेशिने नियति अझ बढ्नेछ । जबकी मुलुकको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्र महत्वपूर्ण छ । आर्थिक वर्ष २०७८/७९ मा कृषि क्षेत्रको  जीडीपीमा योगदान २३.९५ प्रतिशत छ । जीडीपीमा पुगेको योगदानको तुलनामा बजेट भने अत्यन्तै न्यून विनियोजन हुने गरेको छ । अहिलेसम्म सरकारले कृषि क्षेत्रमा दुई प्रतिशत पनि बजेट विनियोजन हुन सकेको छैन । यी माथिका विवरणबाट यो मुलुकमा किसान कहिल्यै प्राथमिकतामा नरहेको प्रष्ट हुन्छ, जसलाई नसच्याएसम्म मुलुक अगाडि बढ्ने छैन ।

# समृद्धिको पहिलो आधार : वडाको विकास

*स्थानीय तहले पनि संघीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी कानून बनाउन पाउने अधिकार पाएको छ । जनतालाई विश्वासमा लिएर जनप्रतिनिधिले आमूल परिवर्तन गर्नसक्छन् । विकासको मूल स्थानीय तहदेखि फुटाउन सक्छन् ।*

अग्रलेख



● गणेशकुमार महर्जन

तीन तहको राज्य संरचनामा बहुसंख्यक जनतालाई प्रत्यक्ष र नियमित आधारभूत सेवाप्रवाह गर्ने महत्वपूर्ण अभिन्न निकाय 'स्थानीय तह' हो । स्थानीय निकाय तल्लो तहको स्थायी सरकार पनि हो । संघीय र प्रदेश जस्तो यो सरकार कुनै हिसाबले आफ्नो कार्यकाल नपुगी विघटन हुँदैन । स्थानीय तहको वडा सरकार जनतासँग प्रत्यक्ष जोडिएको घर आँगनको सरकार हो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, विविध भौगोलिक परिवेश भएको संघीय गणतन्त्रात्मक मुलुक हो । विविधतापूर्वक नेपालको विकासलाई सन्तुलित, व्यवस्थित र न्यायपूर्ण एवम् समावेशी बनाउन संघीयता कार्यान्वयन गरिएको छ । संघीयताको मूल मर्म भनेको नै शक्ति विकेन्द्रीकरण, समावेशीकरण, सहभागितामूलक शासन र विविधताको व्यवस्था हो । संघीयता आपसी सहकार्य सम्बन्ध र एकता पनि हो । संघीयताको अन्तर्यमा विभेदबिना सबै नागरिकप्रति जवाफदेही हुने लोकतन्त्रलाई संस्थागत गर्ने शासन प्रणालीलाई जनताको तल्लो तहसम्म पुऱ्याउने र विकासलाई जनउन्मुख र जनउत्तरदायी बनाउने अभिप्राय रहेको हुन्छ ।

संघीयता कार्यान्वयनपश्चात् दोस्रो पटकको स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधीहरुले कार्यभार सम्हाली अगाडि बढिरहेका छन् । संघीयता कार्यान्वयनको पहिलो कार्यकाल विधि, प्रक्रिया स्थापित गर्ने दायित्वमा बित्यो भने अबको कार्यकाल विकास निर्माणमा केन्द्रीत भई सुशासन कायम गर्दै आर्थिक समृद्धिको बाटोमा हिँड्नु अपरिहार्य छ । विगत केही दशक अघिदेखि नेपालमा एउटा बहस चलिरहेको छ । किन बनेन मुलुक ? यसका विभिन्न कारक तत्वहरु खोजियो । धेरै माथापच्चीसहरु गरियो । एकले अर्कोलाई दोष लगाइयो । त्यतिमात्र होइन यही विषयलाई लिएर व्यवस्थाहरु परिवर्तन भए । ठूला-ठूला आन्दोलन र युद्ध नै पनि भए । अहिले नेपालका स्थानीय तह आफ्नो स्रोतको राजश्व वृद्धि गर्नुपर्ने दबाब र दायित्वमा छन् । स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार कार्यान्वयनमा चासो दिए निश्चय नै राजश्व वृद्धि हुनेछ । तर, कर जहिले पनि सेवाप्रवाहसँग जोडिनु पर्छ भन्ने हेक्का चाहिँ स्थानीय तहले राख्न जरुरी छ । कर उठाउनको लागि ऐनले भनेअनुसार लक्ष्य राख्ने, कार्यान्वयन गर्ने र करको सदुपयोग गर्नका लागि स्थानीय तहले उच्च नैतिकता प्रदर्शन गर्न जरुरी छ । नागरिकमा कर तिर्दा गौरव महसुस हुनुपर्छ ।

नेपालमा ७५३ वटा स्थानीय तह छन् । देशभर छ हजार ७४३ वडा रहेका छन् । स्थानीय तहले पनि संघीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी कानून बनाउन पाउने अधिकार पाएको छ । जनताको विश्वासमा नै जनप्रतिनिधिले आमूल परिवर्तन गर्नसक्ने अवस्था सिर्जना हुन्छ । आम जनभरोषाले नै चुनौतिपूर्ण काममा चाहेको सफलता पाउन सहज हुन्छ । स्थानीय तहका वडा सरकारहरु दिगो विकासका सम्वाहक बन्न सक्छन् । विकास आयोजनालाई प्राथमिकता दिने कुरा र व्यवहारिकरुपमा हुने प्रभावका बारेमा मतान्तर हुन सक्दछ । त्यस बेलामा नेतृत्वमा स्पष्ट अडानको आवश्यकता पर्दछ । तर, संघीयताको समग्र खर्च पक्ष, राजनीतिक खर्चमा वृद्धि र अपेक्षित सेवामा बिलम्ब औंल्याउँदै यो प्रणालीमाथि नै प्रश्न उठ्न थालेका छन्, जुन बिडम्बनापूर्ण हो ।




*तीन तहको राज्य संरचनामध्ये सबैभन्दा तल्लो तह स्थानीय सरकार हो । स्थानीय तहको वडा इकाई जनतासँग सबैभन्दा बढी जोडिएको संयन्त्र हो । यदि समृद्धिको स्पष्ट खाका बनाउने हो भने 'डिजाइन' वडा तहदेखि शुरू गर्नुपर्छ ।*

निश्चित भूगोल, जनसंख्या, पूर्वाधार, सामाजिक, प्राकृतिक, सांस्कृतिक र आर्थिक विशेषता भएको तल्लो प्रशासनिक इकाइलाई वडा भनिन्छ । नागरिक सबैभन्दा पहिलो पटक र धेरै पटक सरकोकार राख्ने इकाई पनि वडा नै हो । वडाका जनप्रतिनिधिले आफ्नो वडामा के-के कुराको अवाश्यकता छ, त्यस कुराको पहिचान गर्नुपर्छ । वडाको सम्बन्ध सिधै नागरिक र उपभोक्तासँग हुने हुनाले जानी नजानी सानोतिनो गल्ती अर्घेल्याईं चुहावट भएमा नागरिक तत्कालै समात्दछन् र तत्कालै प्रतिक्रिया दिन्छन् । यस्तो अवस्थामा वडाका जनप्रतिनिधिले संयमित भएर अघि बढ्न सक्नुपर्छ । विकास निर्माणका काममा उपभोक्ता समिति बनाएर अघि बढ्न सक्नुपर्दछ । यसो गर्दा उनीहरुलाई जिम्मेवारीको बोधसमेत हुने गर्दछ ।

वडालाई कस्तो बनाउने भन्ने विषयमा प्रमुख हात वडा अध्यक्षको हुन्छ । त्यसो त वडाका अन्य जनप्रतिनिधि, कर्मचारी प्राविधिक टिमहरुको पनि हात हुन्छ । तर, वडा अध्यक्षले नेतृत्व गरेको हुन्छ आफ्नो वडामा । कुनै कारणले वडाका जनताले दुःख पाए, विकास निर्माणका काममा परिणाममूखी नतिजा नआए वडा अध्यक्ष नै असफल ठानिन्छन् । उनीमाथि नै दोष थोपरिन्छ । वडाको विकामा विज्ञान, सूचना र प्राविधिको पनि महत्वपूर्ण भूमिका रहन्छ । वडा कार्यालयले वडाभित्र रहेको जनसंख्या, स्कुल, कलेज, उद्योग व्यवसाय बैंक तथा वित्तीय संस्था, कृषिको अवस्था, रोजगारी जनसंख्या, बरोजगारी जनसंख्या, विकास निर्माणका आयोजनाहरु सबै किसिमको अभिलेखबद्ध राख्न सक्नुपर्दछ । यसो गर्दा, कुन कुराको कमी छ, त्यो कुरालाई प्राथमिकतामा राखेर वडाको विकास गर्न सकिन्छ । वडाअध्यक्षले वडाभित्र रहेका जनताहरुलाई जातीय र धार्मिक तथा राजनीतिक आस्थाको हिसाबले कसैलाई भेदभाव गर्नु हुँदैन । यो बाहिर जिल्लाबाट आएर बसेको हो, यो स्थानीय हो भन्ने पूर्वाग्रह राख्नु हुँदैन । आफ्नो वडामा बस्ने सबै नागरिक समान हुन् र समान व्यवहार गर्नपर्छ भन्ने सोंच राख्नुपर्छ ।

वडा अध्यक्षले आफ्नो वडालाई कसरी समुन्नत बनाउन सकिन्छ, त्यस कुरामा चासो दिनुपर्दछ । वडामा आएको बजेटलाई कसरी खर्च गर्न सकिन्छ ? त्यस कुरामा ध्यान दिनु जरुरी पर्दछ । आयातमुखी र उपभोगमुखी अर्थतन्त्रमा जोड दिनेभन्दा पनि उत्पादनमुखी र रोजगारमुखी अर्थतन्त्रमा जोड दिनुपर्दछ । युवाहरुलाई रोजगारीको शिलशिलामा विदेश पलायन हुनबाट रोक्न सक्नुपर्दछ । आफ्नै क्षेत्रमा रोजगारीको व्यवस्था गराउने कुरामा जोड दिनुपर्दछ । वडामा रहेको कृषि योग्य जमिनलाई बाँझो नरहन दिने गरी कार्य योजना बनाउनु पर्दछ । कृषिलाई निर्वाहमुखी भन्दा पनि आधुनिकीकरणमा जोड दिई उत्पादन बढाउने कुरामा ध्यान दिनु पर्दछ । वडामा रहेका अदक्ष तथा अर्धदक्ष रहेको जनसंख्यालाई ज्ञान, प्रविधि र सीपले दक्ष बनाई वडामै रोजगारीको अवसर खोज्नुपर्दछ । वडामा रहेका लघु उद्यमहरुलाई विशेष संरक्षण र प्राथमिकता दिन पछि हट्नु हुँदैन । वैदेशिक रोजगारबाट फर्केका जनशक्ति तथा संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमतालाई उद्यमशीलता स्वरोजगार र व्यवसायिक कार्यमार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गर्नुपर्छ । युवालाई लागू औषध तथा दुर्व्यसनको कुलतबाट अलग गराई परिवार समाज र राष्ट्रप्रति थप जिम्मेवार बनाउन वडाले विशेष अभियान सञ्चालन गर्नुपर्छ ।

विकास र समृद्धि कहिँ कतैबाट गाडी चढेर आउँदैन । नेपालभित्र रहेका सम्पूर्ण वडाहरुले आफ्नो वडाभित्र रहेको जल, जमिन, जंगल, जडीबुटी, सीप र श्रमको उचित प्रयोग गरेर उत्पादन बढायौं र त्यो उत्पादन र सेवालाई आन्तरिक खपत तथा विश्व बजारमा बिक्री गर्न सक्यौं भने मात्र वडा समृद्ध बन्न सक्छ । सबै वडाहरु समृद्ध भए भने मुलुक आफैं समृद्ध हुन्छ । तसर्थ, मुलुकलाई समृद्ध बनाउने हो भने सर्वप्रथम प्रत्येक वडा सक्षम र सबल बन्नुपर्छ ।

*(लेखक महर्जन, ललितपुर महानगर वडा नं.२९ का अध्यक्ष हुन् ।)*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

राष्ट्रिय स्वतन्त्र पार्टीलाई नागरिकले दिएको म्याण्डेट जिम्मेवार प्रतिपक्षको थियो । जुनसुकै कारणबाट भए पनि केही महत्वाकांक्षा, स्वाभावजन्य कमजोरी र आधारहीन इच्छाशक्तिबाट सो पार्टी मुक्त भएर सरकारबाट बाहिरिनु स्वागतयोग्य छ । क्षितिज खुला छ, मित्रहरूले अब खास राजनीति गरून् ।



**- उमेश चौहान**

भीड लिएर सञ्चारमाध्यम घेर्छु, आफूअनुसार कारबाही गर्छु भन्ने व्यक्तिको आफ्नो जवाफदेहिता रहला, तर भीडमा समाहित भएर हर्षबढाई गर्ने लेखक, पत्रकारले स्मरण गर्नुपर्छ– पत्रिका जलाउँदैमा प्रश्न जल्दैन । सत्ता र भीडको सामना गर्न सक्ने भएकैले प्रेस संसारभर सान्दर्भिक छ । हिजो, आज र भोली पनि ।



**- कृष्ण शर्मा**

चन्द्रागिरिमा छाप्रा बनाउने स्वीकृति लिएर आरसिसी भवन बनाउने, केवल वार्षिक ३८ हजारमा त्यतिको वनमा रजाइँ गर्नेलगायतका कुरा समाचारका रूपमा छापिरहेको एक पत्रिकाले एक्कासी फलोअप रोक्यो र केही दिनमै चन्द्रागिरि हिल्सवाला छड्के झोला बोकेर बाहिर निस्क्यो । अनि यसको जवाफ सो पत्रिकासँग छ ?



**- सुर्यराज आचार्य**

दिगो राजनीतिका लागि विचार, पर्सनालिटी र लोकप्रियताको सन्तुलित संगम जरूरी छ । नेपालको राजनीतिमा विचार र पर्सनालिटी हराउँदैछ । चल्तिको राजनीति राज्यशक्तिको दुरूपयोग, शक्तिकेन्द्रको 'सेटिङ' या लोकरिझ्याईँको बलमा चल्दैछ । यस्तो राजनीति जति चल्छ, विकास/समृद्धिको सम्भावना झन टाढा पुग्छ ।



**- यादव देवकोटा**

नेपाली पत्रकारिताले नेपाली समाजको विश्वास भयानक ढंगले गुमाइरहेको रहेछ । पत्रकारिता धन्दा भएकोमा कुनै सन्देह छैन । मालिकको के–कुरा केही सम्पादकको सम्पत्ति छानबिन गर्ने हो भने 'गन्धा हे लेकिन धन्दा हे' भन्ने प्रष्टिन्छ । अरू पनि सुध्रिन जरूरी छ । सबैभन्दा पहिले पत्रकार सुध्रिन जरूरी छ ।

# के हुनुपर्छ सरकारका प्राथमिकता ?

विचार



● मनहरि तिमिल्सिना

*माओवादी केन्द्रका अध्यक्ष प्रधानमन्त्रीमा निर्वाचित भएको पाँच हप्ता पूरा भएको छ । प्रधानमन्त्रीमा निर्वाचित भएपश्चात् प्रचण्डले आफ्ना तीन प्राथमिकता निर्धारण गरेका छन्, जसमा सामाजिक न्याय, सुशासन र समृद्धि मुख्य छन् । प्रधानमन्त्रीले आफ्नो प्राथमिकता निर्धारणपछि त्यसको कार्यान्वयनका निम्ति जुन कदम चालेका छन्, त्यसमाथि आएका प्रारम्भिक प्रतिक्रियाहरू सकारात्मक देखिन्छन् ।*

नेपाली जनताको झण्डै ७५ वर्ष लामो बलिदानीपूर्ण संघर्षको परिणाम आज देशको राजनीतिक व्यवस्थामा गुणात्मक परिवर्तन आएको छ । राज्यको एकात्मक चरित्रमा फेरबदल आएको छ । पितृसत्तात्मक सोंचमा परिवर्तन आई लैंगिक अधिकारसहित समानताको आधार स्थापित भएको छ । सामाजिक न्याय र समावेशी चरित्रको राज्य निर्माणको प्रक्रियाले तीव्रता पाएको छ । तर, बदलिएको राजनीतिक प्रणालीअनुरूप जनताको जीवन बदल्ने ऐतिहासिक कार्यभार हाम्रा सामु छ । भूकम्प, कोभिड महामारी, रुस-युक्रेन युद्धलगायत परिघटनाका कारण अर्थतन्त्रले अहिले पनि अप्ठेरो परिस्थितिको सामना गरिरहेको छ । अर्कोतर्फ, लोकतन्त्र र संविधानले पटक-पटक चुनौतीपूर्ण परिस्थिति व्यहोरेर सापेक्षित स्थायित्वतर्फ अग्रसर भइरहेको छ । यस्तो परिस्थितिमा प्राप्त उपलब्धिको रक्षा गर्दै थप प्रगतिका निम्ति लक्षित हुनु सिङ्गो राष्ट्रकै साझा कार्यभार हुन आएको छ ।

वि.सं. २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनपश्चात् देशमा नयाँ परिस्थिति निर्माण भएको छ । स्पष्ट बहुमत नभएको त्रिशंकु संसद्को अंकगणितले प्रारम्भमा संसद्को दीर्घायुमाथि केही आशंकाहरू उब्जिएका थिए । त्रिशंकु संसद्का कारण सरकार नै गठन नभई के संसद्ले फेरि हठात् विघटनको सामना गर्नुपर्ला ? राजनीतिक दलहरूबिच सहमति र सहकार्य सम्भव होला ? देशमा राजनीतिक स्थीरताको वातावरण बन्ला ? यस्ता प्रश्नहरूको सामना गरिरहेको परिस्थितिमा अन्ततः माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड गत पुस १० गते मुलुकको ४४ औं प्रधानमन्त्रीमा निर्वाचित भए । यसले यी यावत आशंकाहरू निवारण भएका छन् ।

माओवादी केन्द्रका अध्यक्ष प्रधानमन्त्रीमा निर्वाचित भएको पाँच हप्ता पूरा भएको छ । प्रधानमन्त्रीमा निर्वाचित भएपश्चात् प्रचण्डले आफ्ना तीन प्राथमिकता निर्धारण गरेका छन्, जसमा सामाजिक न्याय, सुशासन र समृद्धि मुख्य छन् । प्रधानमन्त्रीले आफ्नो प्राथमिकता निर्धारणपछि त्यसको कार्यान्वयनका निम्ति जुन कदम चालेका छन्, त्यसमाथि आएका प्रारम्भिक प्रतिक्रियाहरू सकारात्मक देखिन्छन् ।

सरकारको पहिलो प्राथमिकता हो, सामाजिक न्याय । बदलिएको व्यवस्थासँगै अवस्था बदल्ने कुरा नै सामाजिक न्यायको खास अन्तर्य हो । राजनीतिक परिवर्तनको अनुपातमा जनताको जीवनमा जसरी परिवर्तन हुनुपर्ने हो, त्यसरी परिवर्तन हुन सकेको छैन । नेपालको संविधान २०७२ ले समाजवादोन्मुख राज्य निर्माणको संकल्प गर्दै प्रस्तावनामा नै त्यससम्बन्धि ठोस व्यवस्था गरेको छ । आजको सन्दर्भमा नेपाली विशेषताको समाजवादको अर्थ निजी स्वामित्वमाथि राज्यको हस्तक्षेपकारी भूमिकाद्वारा होइन, समन्वयकारी भूमिकामार्फत् राष्ट्रिय पुँजीको विकास गर्ने र प्राप्त लाभांशको प्रगतिशील वितरणको विधि नै हो । त्यसका लागि हुनेहरूबाट राज्यले प्रगतिशील कर लिने र नहुनेहरूका लागि प्राथमिकताका साथ वितरण गर्ने विधि नै सबैभन्दा उत्तम विधि हो । यसको अर्थ राज्यको मूलप्रवाहबाट बहिस्करणमा परेका वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका प्रतिनिधिहरूलाई प्राथमिकतामा राखेर सेवा प्रवाह र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु हो । त्यसरी मात्र समाजवादको अर्थ-राजनीतिक आधार निर्माण गर्न सकिन्छ ।

नेपालको संविधानले ३१ वटा हकलाई मौलिक हकको रूपमा सूचिकृत गर्दै सोहीअनुसार संघीय कानुन निर्माणको परिकल्पना गरेको छ । तर, संविधान व्यवस्था भएबमोजिमका संघीय ऐनहरू निर्माणमा ढिलाइ हुँदा मौलिक हकको व्यवस्थित कार्यान्वयन गर्ने कुरासमेत ओझेलमा परेको छ । जबसम्म सबै नागरिकमा राज्य मेरो हो, मेरो अभिभावक हो, राज्यले हमेसा मेरो हकअधिकार र संरक्षणका बारेमा सोचिरहेको छ भन्ने अनुभूति हुँदैन, तबसम्म राजनीतिक प्रणालीप्रति जनविश्वास आर्जन गर्न सकिँदैन, लोकतन्त्रलाई सवल र सुदृढ बनाउन सकिँदैन । नागरिकलाई राज्य मेरो हो भन्ने अनुभूति हुनका निम्ति राज्यले नागरिकको सर्वोपरि हितलाई केन्द्रमा राखेर काम गर्नुपर्छ, त्यो कुरा सिद्धान्तमा नभएर व्यवहारमा प्रमाणित हुनुपर्दछ । लोकतान्त्रिक प्रणालीको सुदृढीकरणका निम्ति यो आधारभूत सवाल हो ।

स्वास्थ्य, शिक्षा र रोजगारीको हक आम नेपालीको मौलिक हक हो । त्यसलाई कार्यान्वयन गर्न यथासक्य संघीय ऐनहरूको निर्माण जरुरी छ । संघीय ऐनमार्फत् शिक्षा, स्वास्थ्य र रोजगारीलाई सर्वसुलभ एवं व्यवहारिक प्रबन्ध गर्न आवश्यक छ । सरकारी विद्यालयहरूको सवलीकरण, निःशुल्क स्वास्थ्यको प्रबन्ध र आम रूपमा रोजगारीको सिर्जना हुन नसकेको परिस्थितिमा स्वरोजगारीमुखी कार्यक्रममार्फत् मात्र हामीले उक्त कार्यभार पूरा गर्न सक्छौं ।

कोभिड महामारीपछि देशको अर्थतन्त्रले चुनौतीको सामना गरिरहेको छ । अर्थतन्त्रका सूचकहरू ओरालो लाग्दा त्यसको सबैभन्दा ठूलो असर निम्न वर्ग र मध्यम वर्गमा परिरहेको छ । सुशासन र सेवा प्रवाह सरकारको दोस्रो महत्वपूर्ण प्राथमिकता हो । त्यसका लागि राज्यप्रशासनको नीतिगत, संस्थागत, संरचनागत, प्रक्रियागत र व्यवस्थापकीय सुधार आवश्यक छ ।

राज्यको समग्र चरित्रको प्रतिबिम्व सरकारी कार्यालयमार्फत् नागरिकले पाउने सेवा प्रवाहमा व्यक्त हुन्छ । नागरिकलाई नियमित रूपमा सेवा प्रवाह गर्ने सरकारी संरचनाले सेवाग्राहीहरूप्रति गर्ने व्यवहार कस्तो छ, उपलब्ध सेवाको द्रुतता र गुणस्तर कस्तो छ, सेवाका निम्ति सेवाग्राही अतिरिक्त भार र झन्झट बेहोर्नुपर्ने परिस्थिति छ या छैन ? यी सबै विषयबाट नै नागरिकले राज्यबारे धारणा निर्माण गर्छन् र अभिमत प्रकट गर्दछन् ।

देशभित्रै रोजगारीको अवसर सिर्जनामा अपेक्षित सफलता हासिल गर्न नसकिएको तीतो यथार्थ एकातर्फ छ भने अर्कोतर्फ वैदेशिक रोजगारीमा जाने नेपालीहरूले पनि अनेकौं झमेला बेहोर्नुपर्ने परिस्थिति पक्कै पनि हाम्रा लागि चुनौतीको विषय हो ।

सरकारको तेस्रो र महत्वपूर्ण कार्यभार हो समृद्धि । विश्व अर्थतन्त्रले नै चुनौतीपूर्ण परिस्थितिको सामना गरिरहेको परिपेक्ष्यमा हाम्रो अर्थतन्त्रको संकट कसरी टार्न सकिन्छ ? तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गरेर व्यापार घाटामा कमि ल्याउन के-कस्तो भूमिका खेल्न सकिन्छ ? राष्ट्रिय आयका क्षेत्रहरूमा लगानी र त्यसको सुदृढीकरण कसरी गर्न सकिन्छ ? लगानीमैत्री वातावरणका निम्ति राज्यले नीतिगत, कानुनी, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा कसरी सुधार गर्न सकिन्छ ? यी विषय पनि सरकारको प्राथमिकतामा पर्नुपर्छ ।

*(लेखक तिमिल्सिना प्रधानमन्त्रीका प्रेस विज्ञ हुन् ।)*

## तपाईंको राशिफल

- **मेष** : पुराना कार्य सम्पन्न हुनेछन् । जग्गासम्बन्धी कार्यमा लाभ मिल्नेछ ।
- **वृष** : भवन निर्माण कार्यमा खर्च हुनेछ । सन्तुलित आहार लिनु राम्रो हुन्छ ।
- **मिथुन** : बाहिरी सहयोगमा कमी आउनेछ । भाग्यमा वृद्धि हुनेछ ।
- **कर्कट** : कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यवसायिक यात्रा सफल हुनेछ ।
- **सिंह** : नयाँ सम्पर्क बन्ने छ । शुभ समाचार प्राप्त हुनेछ ।
- **कन्या** : पदमा वृद्धि हुनेछ तथा कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।
- **तुला** : दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।
- **वृश्चिक** : स्वास्थ्य राम्रो रहनेछ तथा राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।
- **धनु** : काम गर्दा गर्दै अचानक रिस उठन सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ
- **मकर** : आय वृद्धि हुनेछ । तर, राजनैतिक कार्यमा रुकावट आउने सम्भावना छ ।
- **कुम्भ** : तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुने देखिन्छ ।
- **मीन** : प्रभाव र सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरुको लागि समय राम्रो छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जनप्रतिनिधिलाई जनताको पक्षमा काम गर्न मन्त्री शर्माको आग्रह



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २३ माघ

सुर्खेत बीरेन्द्रनगरमा स्थानीय तहसँग समन्वयात्मक बैठक सम्पन्न भएको छ। सोमबार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी विकास निर्देशनालयको आयोजनामा उक्त कार्यक्रम बीरेन्द्रनगर नगरपालिका वडा नम्बर ३ मा सम्पन्न भएको हो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री भिम प्रकाश शर्माले पानसमा दियो बालेर कार्यक्रमको उद्घाटन गरेका हुन्। मन्त्री शर्माले जनप्रतिनिधिलाई पार्टीगत नभई आफ्नै जनताको पक्षमा हुन आग्रह गरे। उनले बजेट बिनियोजन गर्ने क्रममा आफ्नो पार्टी भएको क्षेत्रमा धेरै बजेट छुट्याउने भएको हुँदा त्यस्तो प्रवृत्तिलाई हटाएर जुन क्षेत्रमा बजेट बढी आवश्यक छ त्यही क्षेत्रमा बढी बजेट बिनियोजन गर्न आग्रह गरे।

उनले पछिल्लो समय कृषि पेसा नै एक महत्वपूर्ण पेसा भएको बताउँदै यसलाई सकेसम्म थप प्रभावकारी गर्नुपर्ने बताए। साथै मन्त्री शर्माले काम गरीरहेका कृषकलाई प्रोत्साहन गर्न आवश्यक रहेको उल्लेख गरे। 'जसले राम्रो काम गरेको छ, त्यसले सरकारबाट अनुदान नै पाएको हुँदैन। अरुले काम बिनाको कागजपत्र देखाएर अनुदान लिने गरेको हुँदा त्यसलाई राम्रोसँग बुझेर काम गरीरहेको कृषकलाई हामीले प्रोत्साहन गर्नुपर्ने बेला छ। किनकी काम गरे पछि मात्रै अनुदानमा केही पाईदो रहेछ भन्ने भावना अरुको मनमा जाग्ने हुँदा हामीले काम गरीरहेको कृषकलाई प्रोत्साहन गर्नु छ' उनले भने।

यस्तै पशुपन्छी विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक कृष्ण प्रसाद पंगेनीले चालु आर्थिक वर्ष शुरु भई हालसम्म निर्देशनालयले गरेको उपलब्धी, अवधारणा र समस्याहरु सार्वजनिक गरेका थिए। जसअन्तर्गत निर्देशनालयले दाना उद्योगको पूर्वाधारमा सहयोग गरि दाना उत्पादन, कर्णाली प्रदेशमा भैंसीको संख्या न्यून भएकोमा हाल भैंसीको संख्या र दुध उत्पादनमा वृद्धि भई दैनिक १५००० लिटर बाहिर निकासी, कर्णाली प्रदेशमा ब्रोइलर कुखुराको ह्याचरी स्थापना भई ब्रोइलर कुखुराको चल्ला उत्पादन गरेको जानकारी दिएका थिए। साथै उक्त कार्यक्रम सञ्चालन गर्दा प्राविधिक जनशक्ति अभाव, स्थानीय, प्रदेश र संघीय सरकारबीच कार्य संचालन नर्मसमा एकरुपता नभएको, स्थानीय, प्रदेश र संघीय सरकारबीच नीतिगत रुपमा समन्वय र सहकार्य नहुनु, थ्री फेज विद्युतको अभावको कारण शित भण्डार, दुग्ध चिस्यान केन्द्र र साना उद्योग जस्ता पूर्वाधारहरु संचालनमा कठिनाई भएको, कृषि सम्बन्धी गैरकर राजस्व कायम नभएको, प्रदेशको लागत साझेदारी कार्यक्रममा पालिकाहरुले बजेट विनियोजन नगर्नु, उच्च शिक्षा अध्ययनको लागि कर्मचारी छात्रवृति सम्बन्धी नीतिगत अस्पष्टता, प्रदेश निजामती सेवा ऐन नहुनु जस्ता समस्या भएको उल्लेख गरे। यस्तै निर्देशक पंगेनीले निर्देशनालयबाट भावी योजनाको बारेमा पनि जानकारी थिए। जसअन्तर्गत प्राङारिक कृषि तथा पशुजन्य पदार्थलाई सफलिभूत गराउने, अनुदान क्रमश घटाउँदै उत्पादनमा आधारित प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकता दिने, ब्याज अनुदानका कार्यक्रमहरुलाई सबलीकरण गर्ने, प्राविधिकहरुको दरबन्दी समयानुकूल बढाउँदै कृषकहरुमा स्तरीय प्राविधिक सेवाको पहुँच बढाउने, भएका प्राविधिक जनशक्तिहरुको क्षमता अभिबृद्धि तथा प्रोत्साहनका कार्यक्रम लागु गर्ने, कर्णाली प्रदेशमा कृषि, पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरु परियोजनाको रुपमा अगाडि बढाउने, अनुदान कार्यक्रमलाई विस्तारै घटाउँदै उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई जोड दिने बताए। यस्तै भेरीगंगा नगरपालिकाका पशुशाखा प्रमुख भोजप्रसाद चपाईले भेरीगंगामा ४ वटा डेरी र १८ वटा दुग्ध संकलन केन्द्र भएको बताए। उनले भेरीगंगामा भएका कृषकले भने जस्तो मुल्य नपाएको गुनासो गरे। यस्तै लेकबेशी नगरपालिकाका नगर प्रमुख उमेश कुमार पौडेलले वडा नम्बर २ र ५ बाखाका लागि उपयुक्त ठाउँ भएको हुँदा आगामी वर्ष उक्त क्षेत्रलाई बाखाको पकेट क्षेत्र घोषणा गर्ने बताए। साथै बाखा पकेट क्षेत्रको लागि केही बजेट छुट्याउने प्रतिवद्धता जनाए। उनले लेकबेशीमा एक पटक भयाबह बन्दै गएको रेविज केहीरुपमा नियन्त्रणमा आएको दावी गरे। यस्तै बीरेन्द्रनगर नगरपालिकाका पशुसेवा शाखाका प्रमुख यज्ञ पाण्डेले आगामी वर्षमा पशुपन्छी हाट बजार स्थल बनाउन आवश्यक रहेको बताए। जसको लागि करिब ५० लाख बजेट भएमा हाट बजार स्थल बनाउन सकिने बताए। उनले बीरेन्द्रनगर नगरपालिकामा पनि कुकुरले १४ वटा बाखा, २ वटा हाँस र एउटा भैंसीलाई टोकेको बताउँदै खोप लगाउने काम तीव्र गतिमा भइरहेको बताए। यस्तै सिम्ता गाउँपालिका अध्यक्ष ऐन बहादुर चन्दले सिम्तामा बाखा प्रवर्द्धन कार्यक्रम गर्ने योजना बनाएको बताए। साथै सिम्तामा भएका खसि र बाखा काठमाडौं, बुलवल, नेपालगञ्जसम्म निर्यात हुने गरेको दावी गरे।

बराहताल गाउँपालिका अध्यक्ष भिम भण्डारीले कृषक र प्राविधिकलाई बेलाबेलामा उपयुक्त तालिम दिन सकेमा कृषकलाई केही सहज हुने बताए। चौकुने गाउँपालिकाका अध्यक्ष खड्क वि.कले चौकुने गाउँपालिका कृषिको उर्वर शक्ति भएको दावी गरे। उनले चौकुनेमा जुम्ला र तराईका भेडा चौकुनेमा पाल्ने सकिने बताए। साथै चौकुनेमा पनि बजारीकरणको समस्या भएको बताउँदै चौकुनेमा १६५ जनाले बाखा पालेको तथ्यांक भएपनि अहिलेसम्म कुनै पनि सरकारी निकायबाट सहयोग नपाएको गुनासो गरे। उनले काम गरीरहेका कृषकलाई प्रोत्साहन गर्न सकेमा सुर्खेत जिल्ला आत्मनिर्भर हुन सक्ने बताए। कार्यक्रममा सुर्खेतका विभिन्न पालिकाका जनप्रतिनिधि कर्मचारी र पत्रकारको बाक्लो उपस्थिति रहेको थियो।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Al Shahid Overseas Pvt. Ltd.** श्रम इजाजत पत्र न. १३२९/०७४/७५ मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name of Staffs | Position | Citizen No. |
|---|---|---|---|
| 1. | Tulsi Prasad Bastola | Office Boy | 21317 |

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : GULF MISSION CO FOR DELIVERY CONSUMER ORDERS
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०८/२५ | चलानी नं.: ६०१९३१४१ | L.T. No.:277369 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 13 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५९,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messener | 10 | 0 | | 140 | ५९,९५१ | | | | | | | |

**प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ र फागुन १ गते (12 & 13 Feb. 2023) मा हुनेछ।**
**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २ गते (14 Feb. 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
Manjushree Overseas Service (P) Ltd.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४५४६०५२
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np
Mobile: 9840920312 | 9851047194 | 9867093252 | 9851046469 | 9813863495

## KUWAIT मा रोजगार

१. कम्पनी : SAFIR HOTEL & RESIDENCES KUWAIT
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ | चलानी नं.: ६०१८१५९० | L.T. No.: 265488 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hk Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ken Fix Technician | 1 | 0 | | 175 | ७४,९३९ | | | | | | | |
| 3. | Room Attandants | 5 | 0 | | 100 | ४२,८२२ | | | | | | | |
| 4. | Stewards | 1 | 0 | | 100 | ४२,८२२ | | | | | | | |
| 5. | Waiter | 3 | 0 | | 120 | ५१,३८६ | | | | | | | |

२. कम्पनी: AL MAHA AGRICULTURAL CONTRACTING COMPANY W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/२८ | चलानी नं.: ६०१६७५१५ | L.T. No.: 250559 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७२,७९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 1 | 0 | | 130 | ५५,६६९ | | | | | | | |
| 3. | Cashier | 10 | 0 | | 150 | ६४,२३३ | | | | | | | |
| 4. | Labor | 14 | 0 | | 110 | ४७,१०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:destinykuwait3@gmail.com
Mob: 9847932530, 9851147445, 9806239807, 9869556151, 9840973280, 9843196615.

## कतारमा रोजगार

कम्पनी: TOUCH FOR CLEANING HOSPITALITY & TRADING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/१०/२३ | चलानी नं.: ६०१९६१२२ | LT. No.: 280605

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 30 | स. काममा दक्ष | 1000 | ३५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## Malaysia मा रोजगार

कम्पनी : GLOBAL STRENTH SECURITY SDN.BHD.
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/१०/२३ | चलानी नं.: ६०१९६११९ | LT. No.: 280593

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Creative Placement Services Pvt. Ltd.**
Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org

## साउदीमा रोजगार

१. कम्पनी: QAMARA RESTAURANT TO SERVE MEALS.
शहर:Jeddah

पूर्व स्वीकृत मितिः २०७९/०५/०१ | चलानी नं.: ६०१८५६५२ | LT. No.: 269811 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BRANCH OF SAUDI ALLIANCE FOR REAL ESTATE DEVELOPMENT
शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/११/१५ | चलानी नं.: ६०१७५१५८ | LT. No.: 258586 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,६५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical TechnicianLabour | 2 | 0 | | 2000 | ६९,६२० | | | | | | | |
| 3. | Labor | 6 | 0 | | 1000 | ३४,८१० | | | | | | | |
| 4. | Whole Vehicle Driver | 1 | 0 | | 2500 | ८७,०२५ | | | | | | | |
| 5. | Truck Driver | 2 | 0 | | 1800 | ६२,६५८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## कतारमा रोजगार

कम्पनी: MANFORCE TRADING & CONTRACTING CO. WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/१४ | चलानी नं.: ६०१८८५९६ | LT. No.: 272988 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 22 | 0 | स. काममा दक्ष | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Clean Worker | 22 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 3. | Falafel Maker | 15 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 4. | General Clean Worker | 0 | 20 | | 1500 | ५३,४९० | | | | | | | |
| 5. | General Cook | 22 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 6. | Grill Chicken Maker | 22 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 7. | Grill Fish Maker | 18 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 8. | Grill Meat Maker | 17 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 9. | Ground Steward | 23 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 10. | Hotel Manager | 8 | 0 | | 5800 | २०६,८२८ | | | | | | | |
| 11. | Juice Maker | 15 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 12. | Kabab Maker | 12 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 13. | Key Technician | 10 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 14. | Receptionist | 0 | 10 | | 1500 | ५३,४९० | | | | | | | |
| 15. | Waiter | 0 | 40 | | 1500 | ५३,४९० | | | | | | | |
| 16. | Washing Worker | 0 | 18 | | 1500 | ५३,४९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुण २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

## मलेसियामा रोजगार

कम्पनी: HQ STAINLESS STEEL SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०७/०६ | चलानी नं.: ६०१८९८९८ | L.T. No.: 274143 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५४५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## रोमानियामा रोजगार

कम्पनीः CADIMA YOU SEE SRL
शहरः Romania,JUDETUL PRAHOVA

पूर्व स्वीकृत मितिः २०७९/१०/२३ | चलानी नं.: ६०१९६१२७ | L.T. No.: 280581

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 5 | सम्बन्धित काममा दक्ष | 600 | ७८,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 20 | 0 | | 600 | ७८,३७८ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 650 | ७१,८७४ | | | | | | | |
| 4. | General Worker | 50 | 10 | | 550 | ७१,८७४ | | | | | | | |
| 5. | Kitchen Helper | 10 | 5 | | 550 | ७१,८७४ | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 600 | ७८,३७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP 1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal | 01-4964211, 4974211
info@amgroup.com.np | www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

## साउदीमा रोजगार

कम्पनीः SAMHAN NASSER AL-DOSSARY OFFICE FOR CARGO TRANSPORT
शहरः Al-ahsa Hofuf

पूर्व स्वीकृत मितिः २०७९/०२/१६ | चलानी नं.: ६०१७९९५३ | LT. No.: 263891 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 2 | 0 | स. काममा दक्ष | 2500 | ८७,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

